# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

# महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

## संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

पत्र संख्या:

मिति: २०७५।१२।१५

श्री प्रमुखज्यू,
**धनगढीमाई** नगरपालीका,
सिरहा ।

विषय: **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट **धनगढीमाई** नगरपालीकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.१ करोड ७९ लाख ५२ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने बेरुजू रु ४५ लाख २९ हजार, अनियमित बेरुजू रु.३१ लाख ६८ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु १ करोड ०२ लाख ५५ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।११।९ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले वेरुजु फछ्र्यौट नभई कायम व्यहोराको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २३ यसै साथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक

# धनगढीमाई नगरपालीका

# लेखापरीक्षण प्रतिवेदन

# २०७४।७५

**परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मुख्य उद्देश्य रहेको छ । २ नं प्रदेशमा अवस्थित यो नगरपालिका अर्न्तगत १४ वडा रहेको ७५ सभा सदस्य १५९।५१ व.की.मी. क्षेत्रफल, ४७४४९ जनसंख्या रहेको छ ।

**स्थानीय संचितकोषः** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | | रकम | | विवरण | | रकम |
| १. | **गत वर्षको जिम्मेवारी** | | **३४६०२२२६.४६** | १. | चालु खर्च | २३५६२९७५७.९५ | |
| | क) नगद | | | २. | पूँजीगत खर्च | १२०९०५८५६.१० | |
| | ख) बैंक | ३४६०२२२६.४६ | | ३. | प्रकोप व्यवस्थापन खाता | १७२५०००.०० | |
| २. | **आन्तरिक आय** | | **१०४८२९५८.३४** | ४. | वातावरण कोष खाता | १२०००००.०० | |
| | क) आन्तरिक राजस्व | १०४८२२९५८.३४ | | | **यो वर्षको जम्मा खर्च** | | **३५९४६०६१४.०५** |
| | ख) राजस्व बाँडफाँड | | | | | | |
| | ग) अन्य आय | | | ५. | **मौज्दात** | | **११३५४८२३७.७८** |
| ३. | **वित्तीय हस्तान्तरण** | | | | क) नगद मौज्दात | ११३०१८४५७.७८ | |
| | क)वित्तीय समानीकरण अनुदान | २५९६६४००० | **३६३०८२०००.००** | | ख) बैंक मौज्दात | ५२९७८०.०० | |
| | ख) सशर्त अनुदान | १०३४१८००० | | | | | |
| ४. | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | | | | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | | | |
| ५. | **अन्य आय** | | **६४८४१६६७.००** | | | | |
| | सामाजिक सुरक्षा रकम | ५७१०४००० | | | | | |
| | एल.जी.सी.डी.पी चालु | ८५६००० | | | | | |
| | एल.जी.सी.डी.पी पूजीगत | ६००००० | | | | | |
| | वातावरण विभाग ( Climat Smart Village) | ४००६००० | | | | | |
| | पिछडिएको समुदाय उत्थान विकास कार्यक्रम | २५०००० | | | | | |
| | जिल्ला शिक्षा कार्यालयवाट प्राप्त रकम | १११६२२ | | | | | |
| | जिल्ला प्रशासन कार्यालय सिरहा वाट प्राप्त रकम | १२२५००० | | | | | |
| | सडक वोर्ड नेपालवाट प्राप्त रकम | ६८९०४५ | | | | | |
| | | **जम्मा** | **४७३००८८५१.८** | | | **जम्मा** | **४७३००८८५१.८३** |

## <u>अन्य कोष तर्फ</u>

| क्र.नं. | बजेट शिर्षक | जिम्मेवारी | चालु वर्षको आय | जम्मा आम्दानी | यो वर्षको खर्च | बांकी मौज्दात |
|---|---|---|---|---|---|---|
| १ | वातावरण व्यवस्थापन कोष | २९९५२७.०० | १२०००००.०० | १४९९५२७.०० | १४९४५११.०० | ५०१६.०० |
| २ | प्रकोप व्यवस्थापन खाता | ४५७८३८.०० | १७२५०००.०० | २१८२८३८.०० | १८५९१३५.०० | ३२३७०३.०० |
| ३ | मर्मत सम्भार कोष खाता | ७३९७.०० | ०.०० | ७३९७.०० | | ७३९७.०० |
| ४ | कर्मचारी कल्याण कोष | १९४११०.०० | ०.०० | १९४११०.०० | ०.०० | १९४११०.०० |
| ५ | धरौटी खाता | ६०१८३६.०० | १६९५६५३.७६ | २२९७४८९.७६ | ६३२८६०.०० | १६६४६२९.७६ |
| | **जम्मा** | १५६०७०८.०० | ४६२०६५३.७६ | ६१८१३६१.७६ | ३९८६५०६.०० | २१९४८५५.७६ |

| दफा | लेखापरीक्षणवाट देखिएका व्यहोरा | रकम |
|---|---|---|
| १. | आन्तरिक व्यवस्थापन प्रणालीसँग सम्वन्धित देखिएका व्यहोराहरुः- आन्तरिक नियन्त्रण तथा प्रभावकारी व्यबस्थापनका लागि यस कार्यालय र तालुक निकाय समेतले निम्न व्यहोराका कामहरु पनि गर्नु गराउनु पर्नेमा पुर्ण रुपमा कार्यान्वयन तथा पालना गरेको पाईएन । नियमानुसार सबै व्यहोराको पालना तथा कार्यान्वयन गर्नु पर्दछ ।<br>➢ कार्य विवरणः कार्यालयले कार्य विवरण तयार गरी कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी दिनुपर्नेमा कार्य विवरण तयार गरी जिम्मेवारी दिएको नदेखिएको हुँदा सो तयार गरी अधिकार र जिम्मेवारी दिनुपर्ने देखिन्छ ।<br>➢ खरिद योजनाः- खरिद योजना तथा सावंजनिक खरिद नियमावली, २०६४ को नियम ८ अनुसार सार्वजनिक निकायले वार्षिक दशलाख रुपयाँ भन्दा बढी रकमको खरिद गर्नु पर्ने भएमा आगामी आर्थिक वर्षको अनुमानित वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक वर्षमा गर्ने बार्षिक खरिद योजना तयार गरी कार्यान्यन हुन सकेको देखिएन ।<br>➢ मू.अ.कर भुक्तानीको जानकारी – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(क) मा ठेक्का दिने सरकारी निकाय, सार्वजनिक संघसंस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको कर भुक्तानीको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई दिनुपर्नेमा दिएको देखिएन ।<br>➢ भुक्तानी भएको छापः- भुक्तानी भएको छाप भुक्तानी भएका सबै बिल भर्पाइमा भुक्तानी भएको छाप समेत लगाई प्रमाणीत गरि राख्नु पर्नेमा सो अनुसार गरेको पाईएन ।<br>➢ जिन्सी तर्फ मूल्य नखुलेका पुराना सामानको मूल्य कायम गराई राखेको छैन ।<br>➢ सुशासन सञ्चालन (कार्यविधि नियमावली), २०६५ मा हरेक सार्वजनिक निकायले नागरिक बडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिति अनुगमन गर्न अनुगमन संयन्त्र तर्जुमा गर्नु पर्ने व्यवस्था रहेकामा त्यस्तो संयन्त्र तर्जुमा गरेको पाइएन ।<br>बिभिन्न ऐन नियम एवं कार्यविधिहरुमा रहेका उल्लिखित प्रावधानहरुको पालना गरी आन्तरिक नियन्त्रणलाई थप बनाउनु पर्दछ | |
| २. | **सन्चित कोसको हिसाव** स्थानीय तहको चालु आर्थिक वर्षको अन्त्यमा खर्च खातामा रहेको सवै वाँकी रकम सम्वन्धित स्थानिय तहको संचित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले वर्षको अन्त्यमा चालु तथा पुजिगत खातामा रहेको रकम आर्थिक वर्ष समाप्त भए पछिमात्रै सन्चित कोष दाखिला गरेको र रु ११३०१८४५७।७८ नगद सन्चित कोष दाखिला गर्न वाकी देखिन्छ । नगद वांकि रकम संचित कोषमा दाखिला गरिनु पर्दछ | |
| ३. | आन्तरीक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन एने, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पाद गरिने कार्य मितव्ययीता, प्रभावकारीता र दक्षतापुर्ण ढंगावाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रर्णालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था रहेकोमा नगरपालिकाले ऐनले व्यवस्था गरे अनुसार आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याएको छैन । आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनु पर्दछ । | |
| ४. | वजेट तथा कार्यक्रम तर्जुमाः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरि आगामी वर्षको निती तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । वजेट तथा कार्यक्रम तर्जुमा समितिले तदअनुरुप कार्यक्रमको प्राथमिकिकरण , विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था गरेको देखिएन । ऐनको व्यवस्थाको पालना गर्ने व्यवस्था हुनु पर्दछ । | |
| ५. | स्थनीय तथ्यांक र अभिलेखः स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालीकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याकं संकलन , अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । | |

नगरपालीकाले स्थानीय तथ्यांक सम्वन्धी निती , कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालीकाले अभिलेख व्यवस्थापन गर्न जरुरी छ ।

६. कानून तथा कार्यविधि निर्माण सम्वन्धमा: स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(३) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्ने व्यवस्था र १०२(५) मा स्थानीय तहले निर्माण गरेका कानून स्थानीय राजपत्रमा प्रकाशित नगरे सम्म लागु नहुने व्यवस्था रहेको छ । यस नगरपालिकाले आर्थिक वर्ष २०७४।७५ को देहायका ऐन पारित गरेपनि राजपत्रमा प्रकाशन गरेको देखिएन ।

| क्र.सं. | ऐन, नियम, कार्यविधिको नाम | प्रमाणिकरण मिति |
|---|---|---|
| १ | धनगढीमाई नगरपालिका नगर सभा संचालन कार्यविधि, २०७४ | २०७४/०७/१५ |
| २ | धनगढीमाई नगरपालिकाको आर्थिक ऐन, २०७५ | २०७५/०३/१४ |
| ३ | धनगढीमाई नगरपालिकाको नीति तथा कार्यक्रम, २०७५ | २०७५/०३/१४ |
| ४ | धनगढीमाई नगरपालिकाको बिनियोजन ऐन, २०७५ | २०७५/०३/१४ |
| ५ | धनगढीमाई नगरपालिकाको संघ/संस्था दर्ता ऐन, २०७४ | २०७४/०९/२८ |
| ६ | धनगढीमाई नगरपालिकाको सहकारी ऐन, २०७४ | २०७४/०९/२८ |
| ७ | धनगढीमाई नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७४ | २०७४/०९/२८ |
| ८ | धनगढीमाई नगरपालिकाको आर्थिक कार्यविधि कानून, २०७४ | २०७४/०९/२८ |
| ९ | धनगढीमाई नगारपालिकाको पदाधिकारीहरुको आचारसंहिता कानुन, २०७४ | २०७४/०९/२८ |
| १० | धनगढीमाई नगरपालिका खानी तथा खनिज पदार्थ ऐन, २०७४ | २०७४/०९/२८ |
| ११ | सेवा करारमा कर्मचारी व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७४ | २०७४/१२/०२ |
| १२ | निर्माण व्यवसाय नियमन गर्ने निर्देशिका, २०७४ | २०७४/१२/०२ |
| १३ | धनगढीमाई नगरपालिकाको सहकारी ऐन, पहिलो संशोधन, २०७५ | २०७५/०३/१४ |
| १४ | धनगढीमाई नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७५ | २०७५/०३/१४ |
| १५ | धनगढीमाई नगरपालिकाको स्थानीय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ | २०७५/०३/१४ |
| १६ | धनगढीमाई नगरपालिकामा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन गर्न बनेको विधेयक, २०७५ | २०७५/०३/१४ |
| १७ | न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०७५ | २०७५/०३/१४ |

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(३) ले गरेको व्यवस्था अनुसार स्थानीय तहले आवश्यक कानून निर्माण गर्ने र निर्माण गरेका सवै कानून स्थानीय राजपत्रमा प्रकाशित गर्नु पर्दछ ।

७. **प्राकृतिक श्रोतको शुल्क निर्धारण** : स्थानीय तहले प्राकृतिक श्रोतको शुल्क निर्धारण गर्दा प्रदेश सभा/सरकारल तोकेको दरमा नवढ्ने गरी शुल्क निर्धारण गर्नु पर्ने व्यवस्था रहेको छ । यस नगरपालिकामा साधारण निर्माणजन्य सामाग्री (ढुंगा, गिट्टी, माटो, वालुवा) संकलन, उत्खनन्, प्रशोधन, ओसार पसार र बिक्री वितरण सम्बन्धी कार्यविधि तयार गरेको देखिएन । स्थानीय तहले प्रदेश सभा/सरकारल तोकेको दरमा नवढ्ने गरी प्राकृतिक श्रोतको शुल्क निर्धारण गरी आन्तरिक आय वृद्दि गर्नु पर्ने देखिन्छ ।

८. **लक्ष्य प्रगतिको स्थिति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रिय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको देखिएन साथै नगर सभावाट स्वीकृत कार्यक्रम र वजेट अनुसार कार्यक्रम अनुसारको खर्च समेत उल्लेख गरी प्रगति

| | | |
|---|---|---|
| | प्रतिवेदन तयार गर्नु पर्दछ । | |
| ९. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजि स्विकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्याक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पुजीगत तर्फ प्रथम चौमासिकमा ११.७१ प्रतिशत, दोश्रो चौमासिकमा ११.७ प्रतिशत र तेश्रो चौमासिकमा ७६.५७ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढमा ३८.१८ प्रतिशत खर्च देखिनुले तेस्रो चौमासिक र आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । नगरपालिकाले सन्तुलित खर्च व्यवस्थापन गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ । | |
| १०. | **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी १२० रहेकोमा ११२ पदपूर्ति रहेको देखियो । पदपुर्ति मध्ये ,३५स्थायी ७ अस्थायी ७० करार रहेका छन । ठूलो संख्यामा कर्मचारी करारमा राखेको देखिएकोले संगठन संरचना पुनरावलोकन गरी आवश्यक जनशक्तिको व्यवस्थापन गरिनु पर्दछ । | |
| ११. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सार्ने गरेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| १२. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाउँपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १३. | **स्रोत नक्सांकन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११ बमोजिम प्रत्येक गाउँपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गर्नुपर्नेमा सो तयार गरेको पाईएन । | |
| १४. | **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालीकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । लेखापरीक्षणका क्रममा नगरपालिकामा अवस्थित व्यवसायी संस्थाहरुको व्यवसाय दर्ता भएको प्रमाण लेखापरीक्षणार्थ पेश नभएकोले व्यवसाय कर एकिन गर्न सकिएन । नगर पालिका क्षेत्र भित्रका व्यावसायलाई व्यवसायीको अभिलेख राखि करको दायराभित्र ल्याउनु पर्दछ । | |
| १५. | **कर्मचारी कल्याण कोष :**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून वमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधिउपचार लगायतका सुविधा उपलव्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था छ । कर्मचारी कल्याण खातामा गत वर्षको जिम्मेवारी सारेको रु १९४११०।०० मौज्दात रहेको देखियो ।उक्त कोष संचालनको कार्यविधि तयार गरेको देखिएन। कोष संचालनकालागि आवश्यक कार्यविधि तयार गरेर कोष संचालन गर्ने व्यवस्था गर्नु पर्दछ । | |

| | | |
|---|---|---|
| १६. | **उपभोक्ता समिति :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ। उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटाउने साथै कार्यालयबाट गर्ने भुक्तानीमा अनुपातिक कट्टी नगर्ने जटिल प्राविधिक पक्ष समावेश भएका आयोजना उपभोक्ता समितिबाट सञ्चालन गर्ने, योजना हस्तान्तरण नहुने तथा खर्च सार्वजनिक नगर्ने जस्ता कारण कानूनले तोकेका कार्य गरेको देखिएन । ऐन नियममा भएको व्यवस्थाको पूर्ण पालना हुनु पर्दछ । | |
| १७. | **वातावरणीय प्रभाव** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा नगरपालिका क्षेत्रमा स्थल, जल, वायू तथा ध्वनी प्रदुषण नियन्त्रण गरी वातावरण संरक्षण गर्ने कार्यमा सहयोग गर्ने गराउने कर्तव्य तोकेको छ । नगरपालीकाले यो वर्ष वातावरण संरक्षण, नगर र नदी सफाइ कार्यक्रम चलाएको विवरण पेश गरेकोमा वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरेको छैन । सालबसाली सरसफाईको काममा नगरक्षेत्रको सडक सफाइ, फोहोर संकलन गरी ढुवानी केन्द्रमा जम्मा गर्ने, नियमित सरसफाई, दैनिक ढल निकास खोल्ने कार्य, सिनो व्यवस्थापन, भूस्याहा कुकुर नियन्त्रण, लास व्यवस्थापन, चाडपर्व, शनिवार नगर र नदी सरसफाई पर्दछन् । यसरी वातावरणीय विकास विशेष कोषमा शुरु मौज्दात रु २९९५२७00 रहेकोमा यो वर्ष रु १२ लाख. थप गरी रु १४ लाख ९९ हजार ५ सय वजेट रहेकोमा रु १४९४५११।00 खर्च भएको छ । वातावरण संरक्षणको एकीकृत बहु वर्षे योजना र प्रगती पेश भएन । वातावरण संरक्षणको एकीकृत दीर्घकालीन योजना तयार गरी कार्यान्वयन गरिनु पर्दछ । | |
| १८. | **विद्युतिय लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ मा कारोवार को लेखा राख्नु पर्ने तथा महालेख नियन्त्रकको कार्यलयले निशुल्क रुपमा उपलव्ध गराई सवै गाउपालिका तथा नगरपालिकाहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । यस नगरपालिकाले आर्थिक वर्ष २०७४।७५ सफ्टवेयर प्रयोग नगरेको र आर्थिक वर्ष ०७५।७६ देखि SUTRA प्रयोगमा ल्याएको पाइयो । सफ्टवेयरको विस्वासनियता परिक्षण गरी सम्वन्धित निकायवाट स्विकृति लिएर उक्त सफ्टवेयरको प्रयोग हुनुपर्दछ । | |
| १९. | **योजना र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना वनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ ।साथै योजना वनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयारगरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ ।नगरपालिकाले योजना वनाउदा मध्यम तथा दिर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची तयार गरी कार्यान्वयनमा ल्याएको देखिएन । ऐनले व्यवस्था गरे अनुसार योजना तर्जुमा तथा कार्यान्वयन गरिनु पर्दछ । | |
| २०. | **लागत अनुमानः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ मा सार्वजनिक निकायले खरिद गर्न लागत अनुमान स्वीकृत गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले शिलवन्दी दरभाउपत्र तथा वोलपत्रको माध्यामवाट खरिद गरिने वाहेकका खरिदमा लागत अनुमान स्वीकृत वेगर नै खरिद तथा भुक्तानी गरेको छ । ऐनमा भएको व्यवस्थाको पालना गरिनु पर्दछ । | |
| २१. | **गुणस्तर परिक्षणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।नगरपालिकाले सम्पन्न गरेका निर्माण कार्यमा प्रयोग हुने वालुवा डण्डी, सिमेन्ट,गिट्टी लगायतका सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| | **चालु तर्फः** | |
| २२. | **पदाधिकारीको भत्ताः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम मासिक सुविधा वापत पाउने व्यवस्था छ । सोही ऐनको दफा ४ मा मासिक सुविधा पाउने पदाधिकारी वाहेकका सभाका सदस्यले सभा, कार्यपालिका वा वडा वा स्थानीय तहको कुनै समिति वा उपसमितिको वैठकमा भाग लिएको दिनको अनुसूची-१ मा उल्लेख भए बमोजिमको वैठक भत्ता पाउने व्यवस्था रहेको छ । नगरपालिकाले विभिन्न मिति र गोश्वारा भौचरवाटं कानुनमा उल्लेख नै नभएको वडासमितिको बैठकमा निम्न वमोजिमका भत्ता दिएको देखिएकोले कानुन विपरित लेखिएको भत्ता खर्च नियमसम्मत नदेखिएको रु... | १५८७०००.00 |

| गो भौ नं. र मिति | वडा समितिको बैठक भत्ता खर्च |
|---|---|
| ४६/०७४/९/२५ | ५४००० |
| ४७/०७४/९/२५ | ५४००० |
| ४८/०७४/९/२७ | ६२००० |
| ४९/०७४/९/२७ | ५४००० |
| ५०/०७४/९/२७ | ४२००० |
| ५१/०७४/९/२७ | ४२००० |
| ५२/०७४/९/२७ | ५४००० |
| ५३/०७४/९/२७ | ५४००० |
| ५६/०७४/९/२७ | ५४००० |
| ५७/०७४/९/२७ | ५४००० |
| ५८/०७४/९/२७ | ५४००० |
| ५९/०७४/९/२७ | ५४००० |
| ६०/०७४/९/२७ | ५४००० |
| ६६/०७४/१०/८ | ४९००० |
| ७२/०७४/१०/२१ | ७२००० |
| ८४/०७४/११/२० | १८००० |
| ८७/०७४/११/२१ | ३६००० |
| ११५/०७४/१२/४ | ७२००० |
| ११७/०७४/१२/६ | ५४००० |
| १२०/०७४/१२/७ | ६३००० |
| १२३/०७४/१२/८ | ७२००० |
| १२८/०७४/१२/१५ | १६८००० |
| १३०/०७४/१२/१६ | १०८००० |
| १५१/०७४/१२/२८ | ५४००० |
| १७०/०७५/१/१६ | १३५००० |
| जम्मा | १५८७०००.०० |

२३. **विशेष भत्ता** - नेपाल सरकारबाट स्थानीय निकायमा खटिएकाका निजामती कर्मचारी, मन्त्रालयले स्वीकृत गरेको प्रशासन अनुदानका कर्मचारीको तलव, भत्ता, दैनिक भ्रमण भत्ता र कार्यालय सञ्चालन खर्च, क्षमता विकास खर्च, सामजिक परिचलान खर्च पाउने व्यवस्था छ। केन्द्रिय चालु अनुदानबाट २०७४ श्रावण देखि अषाढ सम्ममा बिभिन्न कर्मचारीलाई थप भत्ता भनी ३४ जना कर्मचारीलाई जम्मा रु १००५०३६।०० खर्च लेखेको छ। नेपाल सरकारले तोकिएको काम गरे बापत तलव भत्ता सुविधा उपलब्ध गराएको अवस्थामा नगरसभाले निर्णण गरी भत्ता भुक्तानी भएको नियम सम्मत देखिएन। यस प्रकार निर्णय गरी भत्ता खर्च लेख्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ। १००५०३६.००

| गो भौ नं. र मिति | रकम |
|---|---|
| ६८/०७४/११/१० | ४६१५२५.०० |
| ८०/०७४/१२/२५ | १४५१३६.०० |
| ११४/०७५/३/१३ | २२२६२७.०० |
| ११९/०७५/३/२४ | १७५७४८.०० |
| जम्मा | १००५०३६.०० |

२४. **पदाधिकारीको संचार सुविधाः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम

मासिक संचार सुविधा वापत पाउने व्यवस्था छ । नगरपालिकाले विभिन्न मिति र गोश्वारा भौचरवाटं कानुनमा उल्लेख भए भन्दा वढी निम्न वमोजिमका संचार सुविधा दिएको देखिएकोले कानुनले तोकिए भन्दा वढी लेखिएको संचार सुविधा खर्च नियमसम्मत नदेखिएको रु... ३२५०००.००

| पदाधिकारी | भुक्तानी भएको संचार सुविधा | | | | प्रदेश कानून अनुसार पाउने संचार सुविधा | | | | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|---|
| | मासिक दर | संख्या | महिना | जम्मा भुक्तानी रकम | मासिक दर | संख्या | महिना | जम्मा पाउने रकम | |
| प्रमुख | ५००० | १ | ९ | ४५०० ० | १५०० | १ | ९ | १३५०० | |
| उप प्रमुख | ३००० | १ | ९ | २७००० | १५०० | १ | ९ | १३५०० | |
| वडा अध्यक्ष | २००० | १४ | ८ | २२४० ०० | ० | १४ | ८ | ० | |
| का.सदस्य | १००० | ७ | ८ | ५६००० | ० | ७ | ८ | ० | |
| जम्मा | | | | ३५२०० ० | | | | २७००० | ३२५०००.०० |

खर्च लेखेको भौचर नं. र मिति तथा रकम देहाय अनुसार छ ।

| गो भौ नं. र मिति | भुक्तानी रकम |
|---|---|
| ६८/०७४/११/२० | १७६००० |
| ८०/०७४/१२/२६ | ८८००० |
| १०६/०७५/२/२४ | ८००० |
| १११/०७५/३/७ | ८०००० |
| जम्मा | ३५२०००.०० |

२५. **पदाधिकारीको पोशाक सुविधाः** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको सुविधा वापत पाउने व्यवस्था छ । नगरपालिकाले विभिन्न मिति र गोश्वारा भौचरवाटं कानुनमा उल्लेख नभएको निम्न वमोजिम पोशाक भत्ता खर्च लेखेको देखिएकोले कानुनले व्यवस्था नगरेको भुक्तानी भएको पोषाक खर्च नियमसम्मत नदेखिएको रु... ५६२५००.००

| गो भौ नं. र मिति | भुक्तानी रकम |
|---|---|
| १०६/०७५/२/२४ | ४४२५००.०० |
| १११/०७५/३/७ | १२००००.०० |
| जम्मा | ५६२५००.०० |

२६. भौ.नं.४६/०७४९/२५, आयकर ऐन २०५८ अनुसार भाडा वापतको भुक्तानीमा १० प्रतिशत कर कट्टी गर्नु पर्ने व्यवस्था छ । यस न.पा.ले एस.एन.डि.जे.एण्ड हाउसलाई टेन्ट जेनेरेटर भाडामा लिए वापत रु ४५०००।- भुक्तानी गर्दा रु ४५००।- कर कट्टी गर्नु पर्नेमा रु ६७५।- मात्र कट्टी गरेकोले नपुग कर रु ३८२५।- असूल गर्नुपर्ने रु ३८२५.००

२७. भौ.नं.२३/०७५/१०१४,खुला दिशा मुक्त क्षेत्र घोषणा गर्न वडा अध्यक्ष श्री रामजतन कमैतले हस्ताक्षर विनाको गुरुदेव एण्ड टेण्ट सेवा एण्ड एग्रोभेट को वील राखी रु ४५०००।- सोधभर्ना लिएकोमा उक्त रकम भाडा वापत भएकोले आयकर ऐन २०५८ अनुसार रु ४५०००।- को ४५००.००

| | | |
|---|---|---|
| | १० प्रतिशत भाडा कर असूल गर्नु पर्ने रु | |
| २८. | भ्रमण खर्च नियमावली २०६४ को नियम ३(१) अनुसार भ्रमण गर्ने पदाधिकारी वा कर्मचारीले भ्रमण आदेश वा निर्णय विना भ्रमण खर्च गर्ने गरी भ्रमण गर्न वा काजमा जानु हुदैन भन्ने व्यवस्था छ साथै नियम १८ मा भ्रमणमा जाने कर्मचारी वा पदाधिकारीले भ्रमण समाप्त भएपछि नियमानुसार पाउने दैनिक भत्ता तथा भ्रमण खर्चको वील भरी भ्रमण प्रतिवेदन साथ आवश्यक वील भरपाई सम्वन्धित कार्यालयमा पेश गर्नुपर्ने व्यवस्था छ। यस नगरपालिका का निम्न पदाधिकारी/कर्मचारीले नगरपालिको वडा मा सञ्चालित गाउँ स्तरीय महिला अनुशिक्षण कार्यक्रम अनुगमन गरेको भनि भ्रमण खर्च नियमावली २०६४ विपरित भ्रमण आदेश, भ्रमण वील र भ्रमण प्रतिवेदन वेगर अनुगमन गरेको भनि भुक्तानी भएको रकम नियम संगत नदेखिएको रु | १४४००.०० |

| पदाधिकारी को पद | नाम, थर | भुक्तानी लिएको रकम |
|---|---|---|
| नगर प्रमुख | श्री हरीनारायण चौधरी | ३२००।- |
| नगर उप पमुख | श्री फूल कुमारी श्रेष्ठ | ३२००।- |
| प्र.प्र.अ. | श्री रामहरी शर्मा | ३२००।- |
| लेखापाल | श्री रोहित कुमार श्रेष्ठ | ३२००। |
| सह-लेखापाल | श्री विरेन्द्र देव सिंह | १२००।- |
| खरिदार | श्री सम्पैत यादव | १२००।- |

| | | |
|---|---|---|
| २९. | **मु.अ.कर जानकारी नदिएको :** कार्यालयले निम्नानुसारका फर्म लाई मु.अ.कर वापत रु ११३५४०।- भुक्तानी दिएको छ। अतः मु.अ.कर वापतको रकम समायोजन भएको प्रमाण पेश हुनुपर्दछ रु | ११३५४०.०० |

| भौ.नं./मिति | फर्मको नाम | काम | जम्मा विल | मु.अ.कर | विजक/मिति |
|---|---|---|---|---|---|
| २३७/०७५/३/१० | गुड्डु कन्स्ट्रक्सन गोलबजार३००४६९२०५ | कार्यालय भवन मर्मत | ४९४९२८.०० | ५६९३९.०० | १/०७५/३/८ |
| २३८/०७५/३/११ | राधाकृष्ण कन्स्ट्रक्सन६०७५९६४३० | पुस्तकालय र प्रयोगशाला भवन मर्मत | ४९४९९३.०० | ५६६०१.०० | १/०७५/३/८ |
| | | | | ११३५४० | |

| | | |
|---|---|---|
| ३०. | **नियम विपरित भुक्तानी :** भौ. नं.२९१/०७५/३/३१, निम्नानुसार पदाधिकारी नगरपालिकाका निर्माणाधिन योजनाको अनुगमन गरेको भनि रु १७६८००।- भुक्तानी दिएको छ। अनुगमन पदाधिकारी र अधिकृत स्तरका कर्मचारीलाई दैनिक रु १६००।- का दरले र सहायक स्तरका कर्मचारीलाई दैनिक रु १२००।- का दरले भुक्तानी दिएको छ। नियममा यस दरमा भुक्तानी दिन मिल्ने आधार देखिदैन। साथै अनुगमन गरेको मिति, योजनाको स्थान, योजनाको संख्या समेत खुलेको छैन अतः उक्त रकम असूल हुनु पर्दछ रु | २५६०००.०० |

| सि.नं. | पद | पदाधिकारी/कर्मचारीको नाम | अनुगमन खर्चको दर | दिन | खुद पाउने |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | श्री हरिनारायण चौधरी | १६००.०० | ८ | १२८००.०० |
| २ | उप-प्रमुख | श्री फुलकुमारी श्रेष्ठ | १६००.०० | ८ | १२८००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | प्रमुख प्र.अधिकृत | श्री रामहरि शर्मा | १६००.०० | ८ | १२८००.०० |
| ४ | वडा अध्यक्ष | श्री देव कुमार साह | १६००.०० | ८ | १२८००.०० |
| ५ | वडा अध्यक्ष | श्री भगलु महतो | १६००.०० | ८ | १२८००.०० |
| ६ | वडा अध्यक्ष | श्री पुष्पलाल तामाङ्ग | १६००.०० | ८ | १२८००.०० |
| ७ | वडा अध्यक्ष | श्री विन्देश्वर यादव | १६००.०० | ८ | १२८००.०० |
| ८ | वडा अध्यक्ष | श्री सूर्यमान तामाङ्ग | १६००.०० | ८ | १२८००.०० |
| ९ | वडा अध्यक्ष | श्री राजु श्रेष्ठ | १६००.०० | ८ | १२८००.०० |
| १० | वडा अध्यक्ष | श्री गणपैत यादव | १६००.०० | ८ | १२८००.०० |
| ११ | वडा अध्यक्ष | श्री ठरेन्द्रवहादुर राई | १६००.०० | ८ | १२८००.०० |
| १२ | कार्यपालिका सदस्य | श्री आशाकुमारी वि.क. | १६००.०० | ८ | १२८००.०० |
| १३ | कार्यपालिका सदस्य | श्री फुलकुमारी राम | १६००.०० | ८ | १२८००.०० |
| १४ | कार्यपालिका सदस्य | श्री विनाकुमारी महतो | १६००.०० | ८ | १२८००.०० |
| १५ | ईन्जिनियर | श्री शम्भुकुमार यादव | १६००.०० | ८ | १२८००.०० |
| १६ | सव-ईन्जिनियर | श्री गंगाप्रसाद यादव | १६००.०० | ८ | १२८००.०० |
| १७ | सव-ईन्जिनियर | श्री विमलेन्द्रकुमार पण्डित | १६००.०० | ८ | १२८००.०० |
| १८ | खरिदार | श्री सम्पैत यादव | १६००.०० | ८ | १२८००.०० |
| १९ | स्वकिय सचिव(न.प्र.) | श्री रविनकुमार सिंह | १६००.०० | ८ | १२८००.०० |
| २० | सवारी चालक | श्री कुशेश्वर यादव | १६००.०० | ८ | १२८००.०० |
| जम्मा :- | | | | | २५६०००.०० |

३१. **सुविधा :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धि ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले अनुसूची-१ मा उल्लेख भए बमोजिमको रकम मासिक सुविधा वापत पाउने व्यवस्था छ। सोही ऐनको दफा ४ मा मासिक सुविधा पाउने पदाधिकारी वाहेकका सभाका सदस्यले सभा, कार्यपालिका वा वडा वा स्थानीय तहको कुनै समिति वा उपसमितिको वैठकमा भाग लिएको दिनको अनुसूची-१ मा उल्लेख भए बमोजिमको वैठक भत्ता पाउने व्यवस्था रहेको छ । निम्न भौं.नं./मिति वाट निम्नानुसारका पदाधिकारीहरुलाई वडा स्तरिय छनौटको वैंठक भत्ता र खाजा खर्च वापत रु २१७६००.०० भुक्तानी दिएको छ । कानून अनुसार यस्तो रकम भुक्तानी दिन मिल्ने देखिएन । अत : उक्त रकम असूल हुनुपर्दछ २१७६००.००

| भौं.नं./मिति | सि.नं. | पद | पदाधिकारीको नाम,थर | रकम रु |
|---|---|---|---|---|
| २६२/०७५/३/२५ | १ | वडा अध्यक्ष | श्री भगलु महतो | ६८००.०० |
| | २ | वडा सदस्य | श्री उपेन्द्र महतो | १७००.०० |
| | ३ | वडा सदस्य | श्री शिवकुमार सिंह | १७००.०० |
| | ४ | वडा सदस्य | श्री विनादेवी महरा | १७००.०० |
| | ५ | वडा सदस्य | श्री दिपादेवी यादव | १७००.०० |
| | ६ | सा.परिचालक | श्री शंकरकुमार पासवान | ६३७५.०० |
| | ७ | सा.परिचालक | श्री संजयकुमार चौधरी | ३४००.०० |
| | ८ | वडा अध्यक्ष | श्री पुष्पलाल तामाङ्ग | ५९५०.०० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ९ | कार्यपालिका सदस्य | श्री बिनाकुमारी महतो | १७००.०० | | |
| | | | १० | कार्यपालिका सदस्य | श्री गजेन्द्र कर्ण | १७००.०० | | |
| | | | ११ | वडा सदस्य | श्री रत्नकुमारी तामाङ्गनी | १७००.०० | | |
| | | | १२ | वडा सदस्य | श्री ललितादेवी महरा | १७००.०० | | |
| | | | १३ | वडा सदस्य | श्री वलिराम यादव | १७००.०० | | |
| | | | १४ | वडा अध्यक्ष | श्री विन्देश्वर यादव | ६८००.०० | | |
| | | | १५ | वडा सदस्य | श्री प्रकाश पंजियार | १७००.०० | | |
| | | | १६ | वडा सदस्य | श्री सन्देश राई | १७००.०० | | |
| | | | १७ | वडा सदस्य | श्री शान्ति मगर | १७००.०० | | |
| | | | १८ | वडा सदस्य | श्री मिनादेवी मोची | १७००.०० | | |
| | | | १९ | खरिदार | श्री रंजितकुमार सिंह | ३४००.०० | | |
| | | | २० | सा.परिचालक | श्री पार्वती पाण्डे | ६८००.०० | | |
| | | | २१ | वडा अध्यक्ष | श्री गंगाराम यादव | ६८००.०० | | |
| | | | २२ | कार्यपालिका सदस्य | श्री फुलकुमारी राम | १७००.०० | | |
| | | | २३ | वडा सदस्य | श्री बीरवाहादुर खुलाल | १७००.०० | | |
| | | | २४ | वडा सदस्य | श्री राम सेवक मोची | १७००.०० | | |
| | | | २५ | वडा सदस्य | श्री शुसिलाकुमारी श्रेष्ठ | १७००.०० | | |
| | | | २६ | ना.सु. | श्री सावित्री कुमारी साहु | ३४००.०० | | |
| | | | २७ | वडा अध्यक्ष | श्री राजु श्रेष्ठ | ६८००.०० | | |
| | | | २८ | वडा सदस्य | श्री श्यामकुमार मण्डल | १७००.०० | | |
| | | | २९ | वडा सदस्य | श्री पूर्णवहादुर हमाल | १७००.०० | | |
| | | | ३० | वडा सदस्य | श्री गनौरी सदाय | १७००.०० | | |
| | | | ३१ | वडा सदस्य | श्री लक्ष्मीदेवी लोहार्नी | १७००.०० | | |
| | | | ३२ | सा.परिचालक | श्री खुश्वु मल्ल हमाल | ६८००.०० | | |
| | | | ३३ | वडा अध्यक्ष | श्री सूर्यमान तामाङ्ग | ६८००.०० | | |
| | | | ३४ | कार्यपालिका सदस्य | श्री अनितादेवी राम | १७००.०० | | |
| | | | ३५ | वडा सदस्य | श्री सन्तोष पूर्वछाने मगर | १७००.०० | | |
| | | | ३६ | वडा सदस्य | श्री अरहुलियादेवी यादव | १७००.०० | | |
| | | | ३७ | वडा सदस्य | श्री हरि साह तेली | १७००.०० | | |
| | | | ३८ | मुखिया | श्री मेखवहादुर मगर | ३४००.०० | | |
| | | | ३९ | खरिदर | श्री रामदयाल सहनी | ६३७५.०० | | |
| | | | | | जम्मा :- | १२२४००.०० | | |
| ३२. | | भौं.नं./मिति | सि.नं. | पद | पदाधिकारीको नाम,थर | रकम रु | | |
| | | २८३/०७५/३/३१ | १ | वडा अध्यक्ष | श्री सूर्यनारायण महतो कोइरी | ६८००.०० | | |
| | | | २ | वडा सदस्य | श्री फुलचन सदाय | १७००.०० | | |
| | | | ३ | वडा सदस्य | श्री पञ्चलाल चौधरी | १७००.०० | | |
| | | | ४ | वडा सदस्य | श्री कौशिल्या कोईरीनी | १७००.०० | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ५ | वडा सदस्य | श्री जमुनी सदाय | १७००.०० | | |
| | | | ६ | खरिदार | श्री चन्द्रदेव यादव | ३४००.०० | | |
| | | | ७ | सा.परिचालक | श्री सविताकुमारी महतो | ३४००.०० | | |
| | | | ८ | वडा अध्यक्ष | श्री देवकुमार साह | ६८००.०० | | |
| | | | ९ | वडा सदस्य | श्री धर्मनाथ चौधरी | १७००.०० | | |
| | | | १० | वडा सदस्य | श्री श्याम कुमारी देवी कामैत | १७००.०० | | |
| | | | ११ | वडा सदस्य | श्री सोनावती राम | १७००.०० | | |
| | | | १२ | वडा सदस्य | श्री ईनरदेवी सदा | १७००.०० | | |
| | | | १३ | सा.परिचालक | श्री संजयकुमार चौधरी | १०२००.०० | | |
| | | | १४ | वडा अध्यक्ष | श्री रामु चौधरी | ६८००.०० | | |
| | | | १५ | वडा सदस्य | श्री सुरेन्द्र महतो | १७००.०० | | |
| | | | १६ | वडा सदस्य | श्री जयप्रकाश महतो | १७००.०० | | |
| | | | १७ | वडा सदस्य | श्री फुलकुमारी देवी मंडल | १७००.०० | | |
| | | | १८ | वडा सदस्य | श्री नेपुरदेवी सदाय | १७००.०० | | |
| | | | १९ | खरिदार | श्री ब्रिदेव कमैत | ६८००.०० | | |
| | | | २० | वडा अध्यक्ष | श्री रामजतन कमैत | ६८००.०० | | |
| | | | २१ | कार्यापालिका सदस्य | श्री रामप्रसाद मोची | १७००.०० | | |
| | | | २२ | वडा सदस्य | श्री हरिदेव यादव | १७००.०० | | |
| | | | २३ | वडा सदस्य | श्री रामचन्द्र यादव | १७००.०० | | |
| | | | २४ | वडा सदस्य | श्री शान्तिदेवी यादव | १७००.०० | | |
| | | | २५ | वडा सदस्य | श्री मावती मन्डल | १७००.०० | | |
| | | | २६ | वडा अध्यक्ष | श्री प्रकाश योन्जन | २५५०.०० | | |
| | | | २७ | वडा सदस्य | श्री वेचन साह | २५५०.०० | | |
| | | | २८ | वडा सदस्य | श्री कृष्णमाया कामी | २५५०.०० | | |
| | | | २९ | वडा सदस्य | श्री राजकुमार मोची | २५५०.०० | | |
| | | | ३० | वडा सदस्य | श्री जानकीदेवी राम | २५५०.०० | | |
| | | | ३१ | खा.प.स.टे. | श्री मिनप्रसाद आचार्य | २५५०.०० | | |
| | | | | | | ९५२०० | | |

| | | |
|---|---|---|
| ३३. | **प्रतिस्पर्धा वेगर खरिदः** सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ अनुसार कार्यालयले वस्तु तथा सेवा खरिद गर्दा प्रतिस्पर्धा सिमित नहुने गरी खरिद विधि | |

| | | |
|---|---|---|
| | छनौट गर्नु पर्ने व्यवस्था रहेको छ । कार्यालयले निम्न भौ.नं./मितिवाट विना प्रतिस्पर्धा नगरपालिका र अन्तर्गतका वडाहरुमा सि.सि.टि.भि. खरिद तथा जडान वापत जम्मा रु २४६७०९६।- खर्च लेखेको नियम सम्मत देखिएन । अत:ऐन एवं नियममा व्यवस्था भए वमोजिम पतिस्पर्धा गराएर मात्र सामान खरिद गर्नुपर्दछ रु<br><br>गो.भा.नं/मिति — भुक्तानी रकम<br>२७०/०७५३/२५ — १४७९६९२.००<br>२८४/०७५/३/३१ — ९८७४०४.०० | २४६७०९६.०० |
| ३४. | भौ.नं.२७०/०७५/३/२५, कर विजक सच्याएको :-लहान अफिस अटोमेसन सेन्टर लहान- ८ वाट सि.सि.टि.भि. जडान गर्दा विजक नं.५७९ मिति ०७५/३/५ वाट १२ थरीका सामान गरी जम्मा रु ४९३६३५।- मा मु.अ.कर रु ५६७९०।- भुक्तानी दिएको छ । फर्मले पहिले विजक नम्वर मेटी ५७९ वनाएको छ। अत: उक्त विजक नम्वरवाट भुक्तानी भएको रकम समायोजन भएको प्रमाण पेश हुनुपर्दछ रु | ५६७९०.०० |
| ३५. | **शिक्षा तर्फ:** विद्यालयमा कार्यरत शिक्षकको तलव भुक्तानी दिदा विद्यालय किताव खानावाट तलवी प्रतिवेदन पारित गराई तलव शिर्षकका निकाशा दिनु पर्दछ । तलवी प्रतिवेदन पारित गरेको देखिएन । तलवी प्रतिवेदन पारित नगर्दा शिक्षकको ग्रेड एकिन गर्न सकिएन । अत: तलवी प्रतिवेदन पारित गरेर मात्र शिक्षकको तलव भुक्तानी गर्नु पर्दछ ।<br>विद्यालयलाई शिक्षकको तलव निकाशा दिदा निकाशा लेजर राखी निकाशा अनुसार लेजरमा पोष्टिङ्ग गर्नु पर्दछ । विद्यालयका शिक्षकको तलव निकाशाको लेजर कार्यालयले शिक्षकको तलव निकाशाको लेजर अनिवार्य राख्नु पर्दछ ।<br>नगरपालिका वाट माग गरे वमोजिम शिक्षकको सरुवा, राजिनामा र अवकाशको विवरण प्राप्त भएन । विवरण प्राप्त नहुदा सरुवा, राजिनामा र अवकाश पश्चात वढी तलव निकाशा भएन भन्न सक्ने अवस्था रहेन । | |
| ३६. | **विद्यालय निकाशा तर्फ :-** जनकल्याण आ.वि.गड्वे खाता नं.८१६ लाई २ जना शिक्षक र १ जना का.स. गरी प्रथम चौमासिकमा र दशै खर्च समेत जम्मा रु ३०२१६२।- मात्र निकाशा जानुपर्नेमा रु ३२५३३२।- निकाशा दिएको छ । विद्यालयलाई पाउने भन्दा वढी रु २३१७०।- बढी निकाशा दिएको छ। वढी निकाशा भएको रकम असूल हुनुपर्दछ रु | २३१७०.०० |
| ३७. | **वढी निकासा :** महाविर उ.मा.वि चैनपुर (खाता नं.७१०) लाई प्रथम चौमाशिकमा दशै खर्च समेत रु २२००२२७।- निकाशा दिएको छ। प्रथम चौमासिकको निकाशा माग फाराम अनुसार रु २०८५३७७।०० निकासा हुनु पर्ने रु ११४०२०।०० वढी निकाशा दिएको छ। निकाशा पाउनु पर्ने भन्दा वढी निकाशा असूल हुनु पर्दछ रु | ११४०२०।० |
| ३८. | **मु.अ.कर जानकारी नदिएको :-** मूल्य अभिवृद्धि कर नियमावली २०५३ को दफा ६(क) मा ठेक्का दिने सरकारी निकाय सार्वजनिक संघसंस्था वा दर्ता भएको व्यक्तिले आफूले गरेको ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजश्व कार्यालयलाई दिई करको भुक्तानी सम्वन्धित ठेकेदारलाई गर्नु पर्नेछ भनी उल्लेख भएकोमा कार्यालयले निम्न फर्महरुलाई मू.अ.कर सहित भुक्तानी दिएकोमा सो को जानकारी सम्बन्धित आन्तरिक राजश्व कार्यालयलाई दिएको नपाईएको हुँदा निम्न फर्महरुलाई भुक्तानी भएको | |

मू.अ.कर रु. २०९७७०८.०० सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्दछ । रु........ २०९७७०८.००

| भौ.नं./मिति | फर्मको नाम (पान नं.) . | काम | जम्मा विल | मु.अ.कर | वीजक मिति |
|---|---|---|---|---|---|
| ४/०७४/५/२९ | तिरुपति कन्स्ट्रक्सन अयोध्यानगर-३ (३०१६०३०२५) 2nd RB | हनुमान नगरको पक्की नाला निर्माण | २४९८७४३. | ३०२५९५. | २/०७४/५/२८ |
| ५/०७४/५/२९ | कमला निर्माण सेवा गोदार-३ (३०१४२११२२) 2nd RB | नाला तथा व्यापारिक भवन निर्माण धनगढी वजारमा | १८२२९४१.११ | २०९७१८. | ६/०७४/५/२७ |
| १५/०७४/९/२५ | तिरुपति कन्स्ट्रक्सन अयोध्यानगर-३ (३०१६०३०२५) 3rd RB | हनुमान नगरको पक्की नाला निर्माण | ३१६३१०९. | ३६३८९७. | ४/०७४/९/२८ |
| २२/०७४/१०/१९ | तिरुपति कन्स्ट्रक्सन अयोध्यानगर-३ (३०१६०३०२५) 4th RB | हनुमान नगरको पक्की नाला निर्माण | ५२०९२२६. | ५९९२९१. | ५/०७४/१०/२१ |
| २८/०७४/११/३ | तिरुपति कन्स्ट्रक्सन अयोध्यानगर-३ (३०१६०३०२५) 5th RB | हनुमान नगरको पक्की नाला निर्माण | ३०५३५८९. | ३५१२९८. | ६/०७४/११/३० |
| ३६/०७४/१२/१२ | कमला निर्माण सेवा गोदार-३ (३०१४२११२२) 3rd RB | नाला तथा व्यापारिक भवन निर्माण धनगढी वजारमा | १३६७८९९. | १५७३६९. | २५/०७४/१२/१३ |
| २३७/०७५/३/१० | गुड्डु कन्स्ट्रक्सन गोलबजार३००४६९२०५ | कार्यालय भवन मर्मत | ४९४९२८.०० | ५६९३९.०० | १/०७५/३/८ |
| २३८/०७५/३/११ | राधाकृष्ण कन्स्ट्रक्सन६०७५९६४३० | पुस्तकालय र प्रयोगशाला भवन मर्मत | ४९४९९३.०० | ५६६०१.०० | १/०७५/३/८ |
| | | जम्मा | | २०९७७०८.०० | |

३९. भौ.नं.६/०७४/५/३०, नगरपार्श्वचित्र निर्माण वापत इन्टेन्सिभ स्टडी एण्ड रिसच सेन्टर प्रा.लि.पुतलीसडकलाई रु ४९७२००।- मा रु ६६००।- कर कट्टी गरी रु ४९०६६०।- भुक्तानी दिएको छ । निर्माण भएको बृतचित्र नगरपालिको जिन्शी कितावमा आम्दानी वाधिएको छैन । वृत चित्र निर्माण भएको सि.डी. जिन्शी कितावमा आम्दानी वाध्नु पर्दछ रु ४९७२००.०

४०. **कर विजक :** भौ.नं. १३/०७४/९/११, वील वीजक सच्याएको : - मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । साथै आन्तरिक राजश्व बिभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको कम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले बिभिन्न निर्माण ब्यबसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मू.अ.कर सहित भुक्तानी दिएकोमा अनुसूचि ५ को ढाँचामा कर विजक जारी गरेको पाईएन । मू.अ.करमा दर्ता भएको ब्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक एकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एचं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मू.अ.कर रकम रु. ५७४४२.०० असुल हुनुपर्ने रु.......... ५७४४२.००

| मिति | सच्याएको वीजक | मु.अ.कर सहित भुक्तानी रकम | मु.अ.कर रकम |
|---|---|---|---|
| २०७४/९/११ | १८३ वनाएको | २८३९३१.०० | ३२६६५.०० |
| २०७४/९/११ | १८२ वनाएको | ६२९२९.०० | ७२४०.०० |
| २०७४/९/११ | १७८ वनाएको | १५३२६२.०० | १७५१७.०० |

| | | |
|---|---|---|
| ४१. | भौ.नं.३६/०७४/१२/१२, धनगढी वजारमा RCC कामको लागि ठेक्का पाएको निर्माण कम्पनी कमला निर्माण सेवा लाई तेश्रो रनिङ्ग वील भुक्तानी दिदा वीमा वापत रु ५०००००।- भुक्तानी दिएको छ । विमा विमा प्रिमियम भुक्तानी गरेको प्रमाण श्रेस्ता साथ संलग्न छैन । अतः वीमा वापत भुक्तानीको वील संलग्न हुनु पर्दछ । अन्यथा उक्त रकम असूल हुनु पर्दछ रु | ५०००००.० |
| ४२. | **सामाजिक सुरक्षाः** क)संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पंस. ०७४।०७५, चं नं. १०६४ मिति ०७५।३।३१ पत्रानुसार शसर्त अनुदानको रकम मध्ये खर्च नभई बाँकी रहेमा संघिय संचितकोमा फिर्ता गर्नुपर्ने व्यवस्था छ ।स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २२(६) मा नेपाल सरकारवाट रकम खर्च नभई बाँकी रहेमा फ्रिज गर्ने प्रयोजनका लागि सम्वन्धित निकायमा फिर्ता पठाउनुपर्ने उल्लेख छ । सामाजिक सुरक्षा भत्ता वितरणका लागि नगरपालिकाले ५७१०४०००।०० निकासा प्राप्त गरेकोमा रु ५५५८५०००।०० खर्च लेखेको र वाकी रु १५१९०००।०० आर्थिक वर्षको अन्त्यमा कोष तथा लेखा नियन्त्रक कार्यालयमा फिर्ता पठाएकोमा उक्त रकम कोष तथा लेखा नियन्त्रक कार्यालयको खातामा जम्मा हुन नसकेको कारण श्रावणमा रु १४८९०००।०० वेरुजु खातामा दाखिला गरेको देखिन्छ । वाकी रु ३००००।०० वेरुजु खातामा जम्मा गर्नु पर्ने रु.. | ३००००।०० |
| | ख) नमुना छनौटको आधारमा देहायका वडा कार्यालयहरुको मृत्यु दर्ता अभिलेखसंग भिडाइ सामाजिक सुरक्षा वापतको भत्तावितरणको भर्पाइको परीक्षण गर्दा मृत्यु दर्ता भइसकेका व्यक्तिको समेत भत्तावितरणको भर्पाइ पेश गरी पेश्की फछ्र्यौट गरेको पाइएकोले देहायको रकमरु ७२०००।०० तत्काल असुल गरी राजश्व दाखिला गर्नु पर्ने र मृत्यु दर्ता भएका र मृत्यु भएका तर मृत्यु दर्ता नगराएका व्यक्तिको समेत नगरपालिकाले आर्थिक वर्ष ०७४।७५को सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गतको भत्ता वितरण सम्वन्धमा आवश्यक छानविन गरी सवै वडा कार्यालयहरुमा मृत्यु भएका व्यक्तिको लगत कट्टा गरी वास्तविक लाभग्राहीको लगत अद्यावधिक गराई हाल नरहेका व्यक्तिको भर्पाइ पेश भएको पाइए आवश्यक कारवाही गरी त्यस्तो रकम तत्काल राजश्व दाखिला गर्न लगाउनु पर्ने रु | ७२०००।०० |

| क.सं | नाम थर | वडा नं. | प्र.प.नं /ना.प्रनं. | मृत्यु मिति | असुल गर्नु पर्ने रकम | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेस्रो चौमासिक | जम्मा रकम |
| १ | जगधर यादव | १० | १३१४२७३२ | २०७४/७/१ | ०० | ८००० | ८००० | १६००० |
| २ | वलवहादुर थापा मगर | १० | १३१४१०६६ | २०७४/७/७ | ०० | ८००० | ८००० | १६००० |
| ३ | दरपी यादव | ५ | १४३ | २०७३/३/२० | ८००० | ८००० | ८००० | २४००० |
| ४ | धुर्नि यादवनी | ७ | ३४६१२१५ | २०७४/१/१७ | ८००० | ८००० | ०० | १६००० |
| | जम्मा | | | | | | | ७२००० |

पुजिगततर्फः

| | | |
|---|---|---|
| ४३. | **कार्य सम्पन्न प्रतिबेदनः** सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार मालसामानको लागत अनुमान तयार गर्नुपर्ने त्यस्तै सोही नियमावली को नियम १२५ मा सार्बजनिक निकायले खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सोको कार्य सम्पन्न प्रतिबेदन पेश गर्नुपर्ने ब्यबस्था छ । कार्यालयले निर्माण कार्यको लागत अनुमान समेत तयार नगरी ह्यूम पाईपहरु सोझै खरिद खरिद गरेको पाईयो । कार्यालयबाट यसरी खरिद गरिएका ह्युम पाईपहरु लेईङ्ग जोईन्टीङ्ग गरेको नापी किताब समेत लेखापरीक्षणको क्रममा पेश भएन । यसरी सार्बजनिक खरिद तथा निर्माण कार्यको लागत अनुमान, नापी किताब र कार्य सम्पन्न प्रतिबेदन समेत पेश नभएको हुँदा उक्त कागजातहरु पेश गरी खर्च नियमित गर्नुपर्ने देखिन्छ । रु........ | ७,११,२६४/९४ |

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ/मिति | भुक्तानी पाउने फर्मको नाम | सार्बजनिक निर्माण तथा खरिद कार्यको बिवरण | बिजक नं./मिति | पाईपको बिवरण | | भुक्तानी रकम ( मू.अ.कर सहित) रु. |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | साईज | परिमाण (र.मी.) | रकम |
| १. | पुँजिगत | ३३०/०७५/ | हिमालयन ह्यूमपाईप | ह्यूम पाईप खरिद | ३५७/०७५/३/२ | NP3 600 mm | ६७.५ | ४,६१,१५८/६५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| खर्च खाता | ३/३१ | एण्ड कन्क्रिट ईन्डष्ट्रिज प्रा.लि., लहान सिराहा | | २ | | | |
| | | | | ३५०/०७५/३/२ | NP3 900 mm | १५ | १,६४,७०६/५४ |
| | | | | १ | NP3 600 mm | १२.५ | ८५,३९९/७५ |
| | | | | | | जम्मा | ७,११,२६४/९४ |

| | | |
|---|---|---|
| ४४. | सार्बजनिक खरिद नियमावली, २०६४ को नियम ११ अनुसार मालसामानको लागत अनुमान तयार गर्नुपर्ने त्यस्तै सोही नियमावली को नियम १२५ मा सार्बजनिक निकायले खरिद सम्झौता बमोजिम निर्माण कार्य सम्पन्न भएपछि सोको कार्य सम्पन्न प्रतिबेदन पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयबाट ग्रामिण बिद्युतीकरणका लागि खरिद भएका ट्रान्सफर्मरहरु मध्ये केहि ट्रान्सफर्मरहरु सम्बन्धित साईटमा जडान भएको नापी किताब र कार्य सम्पन्न प्रतिबेदन पेश भएको नपाईएको हुँदा पेश हुनु पर्दछ साथै आर्थिक कार्यबिधि नियमावली,२०६४ को नियम ४७ (१)मा कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी वा कुनै प्रकारले हस्तान्तरण भई वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएको जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई जिन्सी किताबमा सात दिनभित्र आम्दानी बाँधी स्रेस्ता खडा गरी अद्यावधिक गरी राख्नु पर्नेछ । कार्यालयले ग्रामिण बिद्युतीकरण कार्यक्रम अन्तर्गत खरिद गरिएका निम्नानुसारका खर्च भएर नजाने प्रकृतिका जिन्सी मालसामानहरु कार्यालयको जिन्सी खातामा आम्दानी बाँधेको नपाईएको हुँदा खर्च भएर नजाने मुल जिन्सी खाता (म.ले.प.फा.नं.-४७) मा आम्दानी बाँधी जिन्सी खाता अद्याबधिक गर्नु पर्दछ । रु..- | ३९२४०१४/२० |

| सि. नं. | ब.उ.शि. नं. | भौचर/मिति | सप्लाईकर्ता फर्मको नाम | दाखिला नभएको मालसामानको बिवरण | संख्या | दर | जम्मा रकम (मू.अ.कर सहित) रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | पुँजिगत खर्च खाता | १७७/०७५/३/२४ | नमामी सप्लायर्स, लहान-६, सिराहा | Cupper Wound Distribution Out Door Transfermer (11/0.4 KV, 50KVA 3 Phase 50 HZ ONAN) | १ | ५२३९१२ | ५२३९१२ | वडा नं.-११ को बिद्युत जडान कार्यका लागि ट्रान्सफर्मर मात्र खरिद भएको जडान भएको नदेखिएको |
| | | | | Cupper Wound Distribution Out Door Transfermer (11/0.41s, 100KVA 3 Phase 50 HZ ONAN) | १ | ७३४११५.८० | ७३४११५.८० | ,, |
| २. | ,, | ६२/०७५/१/२० | सगरमाथा सप्लायर्स, गोलबजार-८ | Cupper Wound Distribution Out Door Transfermer (11/0.41s, 100KVA 3 Phase 50 HZ ONAN) | १ | ७३४११५.८० | ७३४११५.८० | वडा नं.-३ को बिद्युत जडान कार्यका लागि लागि ट्रान्सफर्मर मात्र खरिद भएको जडान भएको नदेखिएको |
| ३. | ,, | २३०/०७५/३/२९ | नमामी सप्लायर्स, लहान-६, सिराहा | Cupper Wound Distribution Out Door Transfermer (11/0.41s, 100KVA 3 Phase 50 HZ ONAN) | १ | ७३४११५.८० | ७३४११५.८० | – |
| ४. | ,, | १३५/०७५/२/३१ | नमामी सप्लायर्स, लहान-६, सिराहा | Cupper Wound Distribution Out Door Transfermer (11/0.41s, 100KVA 3 Phase 50 HZ ONAN) | १ | ७३४११५.८० | ७३४११५.८० | वडा नं.-११ को बिद्युत जडान कार्यका लागि ट्रान्सफर्मर मात्र खरिद भएको जडान भएको नदेखिएको |
| ५. | ,, | २९९/०७५/३/३१ | सगरमाथा सप्लायर्स, गोलबजार-८ | Cupper Wound Distribution Out Door Transfermer (11/0.4 KV, 50KVA 3 Phase 50 HZ ONAN) | १ | ४६३६३९.०० | ४६३६३९.०० | बिद्युत जडान कार्यका लागि लागि ट्रान्सफर्मर मात्र खरिद भएको जडान भएको नदेखिएको |
| | | | | | | जम्मा | ३९२४०१४.२ | |

| | | |
|---|---|---|
| ४५. | **अनुपातिक कट्टी :**सार्बजनिक खरिद नियमाजली,२०६४, को नियम ९७(४) बमोजिम सार्बजनिक निकायले उपभोक्ता समितिबाट काम गराउने प्रयोजनका लागि लागत अनुमान तयार गर्दा १५ प्रतिशत ओभरहेड ( Contractor's Overhead) र मूल्य अभिबृद्धि कर समाबेश नगरी तयार गर्नुपर्ने ब्यबस्था रहेको छ । कार्यालयले सार्बजनिक निर्माण कार्यको लागत अनुमान तयार गर्दा मू.अ.कर लाग्ने निर्माण सामाग्रीको हकमा मू.अ.कर समेत समाबेश गरेको छ । मूल्य अभिबृद्धि कर समाबेश हुने निर्माण समाग्री र सेवाको हकका उपभोक्ता समितिलाई मू.अ.कर भुक्तानी दिदा उपभोक्ता समितिले पेश गरेको मू.अ.कर बिजकमा उल्लेख भए सम्मको मू.अ.कर रकम भुक्तानी दिनुपर्नेमा कार्यालयले एक्साभेटरबाट माटो खन्ने कार्यको लागत अनुमान मू.अ.कर सहित प्रति घन मिटर रु.१६९ राखी तयार गरेकोमा निम्नानुसार केहि योजनामा एक्साभेटर प्रयोगको मू.अ.कर बिजक पेश नगरेको वा कामको तुलनामा घटी रकमको मात्र पेश गरेको अबस्थामा समेत भएको कामको मू.अ.कर सम्पूर्ण भुक्तानी दिएको पाईएको हुँदा भुक्तानी गर्न नमिल्ने मू.अ.कर बापतको रकममा उ.स.को. अशं कट्टी गरी असुल हुनुपर्दछ । रु..................... | ४,५०,१४३/- |

| सि.नं. | ब.उ.शि. नं. | गो.भौ./मिति | योजनाको नाम | आईटमवाईज कार्यकोन नाम | खुद भएको कार्य (घ.मी.) | | | प्रति घन मिटर कार्यमा मू.अ.कर समाबेश गरी भुक्तानी भएको दर | प्रति घन मिटर कार्यमा मू.अ.कर समाबेश नगर्दा भुक्तानी हुनुपर्ने दर | कर बिजक बेगर बेगर भुक्तानी भएको मू.अ.कर रु. | उ.स.को अंश कट्टी | खुद बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कुल कार्य परिमाण | बिजक पेश भएको | बिजक पेश नभएको | | | | | |
| १. | पुँजिगत खर्च खाता | ३१८/०७५/३/३१ | River protection work at Baburam Khola, Dhangadhimai -10 | E/W cutting by using excavator & filling of sides of bank & levelling complete work. | ५३५१.१९ | ०.०० | ५३५१.१९ | १६९.५० | १५० | १०४३४८ | २०५८८ | ८३७६० |
| २. | ,, | १४२/०७५/३/५ | Kunjbir pokhari consrution work, Dhangadhimai -1 | E/W cutting by using excavator to make pond all complete works. | २३०८.८० | ०.०० | २३०८.८० | १६९.५० | १५० | ४५०२२ | ५८४४ | ३९१७८ |
| ३. | ,, | २३४/०७५/३/२९ | Agriculture road construction work, Dhangadhimai -2 | E/W cutting by using excavator levelling & manual compaction all complete works. | ५८९४.०६ | ५५२ | ५३४२.०६ | १६९.५० | १५० | १०४१७० | २०८३४ | ८३३३६ |
| ४. | ,, | २३०/०७५/३/२९ | Agricultural Electrification & Agriculture Road Cons. Ward No.-3 | „ | ४४४२.४४ | ०.०० | ४४४२.४४ | १६९.५० | १५० | ८६६२८ | १२६८२ | ७३९४६ |
| ५. | ,, | २२२/०७५/३/२९ | Pond Construction, Ward-13 | Earth cutting by excavator for pond | ६८८.२८ | ०.०० | ६८८.२८ | १६९.५० | १५० | १३४२१ | १८१६ | ११६०५ |
| ६. | ,, | २१७/०७५/३/२९ | मेदनीपुर देखि बिद्यापति गेटसम्म कृषी सडक निर्माण कार्य, वडा नं.-१ | E/W cutting by using excavator levelling & manual compaction all complete works. | ४५३३.१२ | १७८९ | २७४४.१२ | १६९.५० | १५० | ५३५१० | ८५०८ | ४५००२ |
| ७. | ,, | २०४/०७५/३/२८ | पूर्व पश्चिम राजमार्गको दाँया बाँया बाटो बिस्तार, वडा नं.११ | ,, | १०१४.७५ | ०.०० | १०१४.७५ | १६९.५० | १५० | १९७८८ | ३९५८ | १५८३० |
| ८. | ,, | १४६/०७५/३/६ | खासा बजारदेखि कालापानी सम्म | ,, | २५५६.५६ | ०.०० | २५५६.५६ | १६९.५० | १५० | ४९८५३ | ६६४० | ४३२१३ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | सडक मर्मत था ग्राभेल योजना, वडा-१२ | | | | | | | | |
| ९. | „ | ११०/०७५/२/९ | आलुवा बाँध निर्माण कार्य, नगरस्तरिय योजना | „ | ४१६०.७६ | २३४७ | १८१३.७६ | १६९.५० | १५० | ३५३६८ | ६३६६ | २९००२ |
| १०. | „ | २०९/०७५/३/२९ | कृषि सडक तथा जनजाती पार्क निर्माण कार्य, वडा नं.-२ | „ | १५२४.६९ | ०.०० | १५२४.६९ | १६९.५० | १५० | २९७३१ | ४४६० | २५२७१ |
| | | | | | | | | | जम्मा | **५४१८३९** | **९१६९६** | **४५०१४३** |

४६. **वढी भुक्तानी :** भौ.नं. २१७/०७५/३/२९,मेदनीपुर देखि बिद्यापति गेटसम्म कृषी सडक निर्माण कार्य, वडा नं.-१ को अन्तिम बिलको भुक्तानी गदा) रु.९,१८,००३।४४ बराबरको कार्य मूल्याङ्कन भएकोमा सोमा उपभोक्ताको जनश्रमदानको अंश रु.१,४५,९९१।१७ कट्टी गरी रु.७,७२,०१२।७७ भुक्तानी दिनुपर्ने देखिन्छ । उक्त रकम बाट पहिलाको रनिङ्ग बिलबाट भुक्तानी भएको रु.३,७४,६१४।२५ कट्टी गरी रु.३,९७,३९८।०१ भुक्तानी खर्च लेख्न पर्नेमा रु.४,००,२६० भुक्तानी लेखेको हुँदा मूल्याङ्कन भन्दा बढी भुक्तानी भएको रकम रु.२,८६१।९९ असुल हुनुपर्दछ । रु............. २,८६२/-

४७. **अनुपातिक कट्टी :**सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० अनुसार सार्वजनिक निकायले निर्माणसम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि नर्मस भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्म्स नभएको अवस्थामा आवश्यक नर्म्स तयार गरी नेपाल सरकार मन्त्री परिषदबाट स्वीकृत गराई स्वीकृत नर्म्स बमोजिम लागत अनुमान तयार गर्नुपर्नेछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(४) मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा सिमेन्ट, फलामे डण्डी, ईटा, माटो, बालुवा, कर्कट पाता, पोलिथिन पाईप, जि.आई.तार लगायतका निर्माण सामग्रीको दरभाऊ, मेशिन र उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेटको आधारमा निर्धारण गर्नुपर्ने समेत उल्लेख छ । कार्यालयले बिभिन्न योजनामा Form Works को लागत अनुमान तयार गर्दा प्रति १० बर्ग मिटर फर्माका लागि स्थानिय कु-काठ ०.०७ {(0.526 m3-25% Scrap Value)=0.3945m3÷6 Time Usage} घन मिटर राखी लागत अनुमान तयार गर्नुपर्नेमा २५ प्रतिशत Scrap नघटाई मू.अ.कर समेत थप गरी प्रति बर्ग मिटर फर्माका लागि लागत अनुमान तयार गरेको पाईयो । यसरी Scrap नघटाएको कारणबाट तोकिएको परिमाण भन्दा बढी काठको परिमाण राखी लागत अनुमान तयार हुनुका साथै सोही अनुसार नै मूल्याङ्कन तथा भुक्तानी भएको पाईयो । निम्न योजनामा फर्मामा प्रयोग हुने काठको मू.अ.कर बिजक पेश नभएको अवस्थामा समेत लागत अनुमान तयार गर्दा Scrap नघटाएको साथै मू.अ.कर समेत थप गरेको कारणबाट बढन गएको दररेटमा नै मूल्याङ्कन समेत भएको कारणबाट प्रति बर्ग मिटर फर्माको दर बढन गई बढी भुक्तानी भएको रकममा उपभोक्ता समितिको अंश कट्टी गरी रु. २,८०,८५१/- असुल हुनुपर्दछ । रु..... २,८०,८५१/-

| सि. नं. | ब.उ.शि.नं. | गो.भौ./मिति | योजनाको नाम | आईटमवाईज कार्यकोन नाम | भुक्तानी भएको फर्माको परिमाण (बर्ग मिटर) | भुक्तानी भएको दर (प्रति बर्ग मिटर) रु. | भुक्तानी हुनुपर्ने दर रु. | कुल बढी भुक्तानी रु. | उ.स.को अंश कट्टी | खुद बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | पुँजिगत खर्च खाता | २८१/०७५/३/३१ | राजदेवी मन्दिर निर्माण, वडा नं.-५ | Form Works | ८६.०६ | ११९३.५४ [{0.526 *101700(Wood District Rate+Vat) m3}÷6 Time Usage]÷10m2 | ८८१.७३ [{(0.526 m3-25% Scrap Value)=0.3945m3 *90000 "District Rate of wood without vat"}÷6 Time Usage]÷10 m2 | २६८३४ | ११५३९ | १५२९६ |
| २. | „ | ३०५/०७५/३/३१ | रामजानकी मन्दिर, सोनापुर, वडा नं.-११ | „ | २४९.२५ | ११९३.५४ | ८८१.७३ | ७७७१९ | ३१०८७ | ४६६३१ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३. | ,, | २०६/०७५/३/२८ | जयपुर स्वास्थ्य चौकीको कम्पाउण्ड पर्खाल निर्माण, वडा नं.-५ | ,, | ५५.६ | ११९३.५४ | ८८१.७३ | १७३३७ | १७३४ | १५६०३ |
| ४. | ,, | १९७/०७५/३/२७ | श्री मा.बि.चैनपुरको पर्खाल तथा वाल निर्माण, वडा नं.-९ | ,, | १३७.९३ | ११९३.५४ | ८८१.७३ | ४३००८ | ४३०१ | ३८७०७ |
| ५. | ,, | २३६/०७५/३/२९ | कब्रीस्तानको कम्पाण्ड वाल निर्माण कार्य, वडा नं.-९ | ,, | ६६.९५ | ११९३.५४ | ८८१.७३ | २०८७६ | ४३८४ | १६४९२ |
| ६. | ,, | १५५/०७५/३/१२ | दलित दलान निर्माण,वडा नं.-६ | ,, | ७९.६९ | ११९३.५४ | ८८१.७३ | २४८४८ | २४८५ | २२३६३ |
| ७. | ,, | १३९/०७५/३/५ | चौतारा मन्दिर तथा छाना मर्मत, वडा नं.-६ | ,, | ३१.४३ | ११९३.५४ | ८८१.७३ | ९८०० | १६६६ | ८१३४ |
| | | | | | | | **जम्मा** | **२२०४२२** | **५७१९५** | **१६३२२६** |

४८. **Non Filler लाइ मु अ कर भुक्तानी :** मु.अ.कर नियमावली, २०५३ को नियम १७(१) अनुसार मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवाको आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरे देखि वाहेक प्रापकलाई अनसुची ५ बमोजिमको ढाँचामा कर विजक जारी गर्नुपर्ने व्यवस्था छ । साथै आन्तरिक राजश्व बिभागको मिति २०५५।३।३२ र २०६५।७।१० को परिपत्र अनुसार मू.अ.करमा दर्ता भएको करदाताले हरेक बर्ष बिजकको कम संख्या १ बाट सुरु गर्नुपर्ने, कर बिजकमा हातले नंम्बर राख्न नहुने र केरमेट गर्न नहुने उल्लेख छ । कार्यालयले बिभिन्न निर्माण ब्यबसायी तथा आपूर्तिकर्ता फर्महरुलाई मू.अ.कर सहित भुक्तानी दिएकोमा अनुसूचि ५ को ढाँचामा कर विजक जारी गरेको पाईएन । मू.अ.करमा दर्ता भएको ब्यक्तिले रित पूर्वकको बिजक पेश नगर्नु र भूक्तानी दिनेले पनि सहि रुपमा कर बिजक एकिन नगरी भुक्तानी दिनु नियम संगत देखिएन । नियमानुसार कर विजक जारी नगरेकोले मू.अ.कर दाखिला एचं समायोजन भएको यकिन गर्न नसकिने भएकाले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा मू.अ.कर समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा मू.अ.कर ऐन तथा नियमावलीको व्यवस्था बमोजिम मू.अ.कर रकम रु.३,१६,३०८/४९ असुल हुनुपर्दछ । रु.......... ३,१६,३०८/४९

| सि. नं. | ब.उ.शि. नं. | गो.भौ÷मिति | निर्माण व्याबसायी फर्म÷सप्लायर्सको नाम | बापत | बिजक नं. ÷मिति | मू.अ.कर बाहेक भुक्तानी रु. | मू.अ.कर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | पुँजिगत खर्च खाता | २३४/०७५/३/२९ | आर.डि.एस.कन्स्ट्रक्सन, गैरीपुर-१, सिराहा (६०५४९७०८७) | एक्साभेटरबाट बाटो निर्माण | २१/०७५/३/२४ | ७१९४०० | ९३५२२ | २०७५ आषाढदेखि Non Filler देखिएको |
| २. | ,, | २१७/०७५/३/२९ | ,, ,, | ,, | ०८/०७५/३/२० | २६८४०० | ३४८९२ | ,, ,, |
| ३. | ,, | १४३/०७५/३/६ | ,, ,, | सडक मर्मत कार्य | ६/०७५/२/२१ | ११९२५० | १५५०२.५० | ,, ,, |
| ४. | ,, | १२७/०७५/२/२७ | ,, ,, | एक्साभेटरबाट बाटो निर्माण | ४/०७५/२/१८ | २४२००० | ३१४६० | ,, ,, |
| ५. | | ११६/०७५/२/२० | ,, ,, | ,, | २/०७५/२/११ | ७८७५० | १०२३७.५० | ,, ,, |
| ६. | | ९१/०७५/२/१ | ,, ,, | ,, | १/०७५/१/१५ | ११०००० | १४३०० | ,, ,, |
| ७. | | ११६/०७५/२/२० | ,, ,, | ,, | २/०७५/२/११ | ७८७५० | १०२३७.५० | ,, ,, |
| ८. | ,, | १७३/०७५/३/२२ | ग्यालेक्सी ईन्टरप्राईजेज शान्तिनगर, जनकपुरधाम-४, (३००१०१८२५) | फल्स सिलिङ्ग, जिप्सम बोर्ड लगाउने कार्य | ४८३/०७५/३/२१ | ४३६९२०.७१ | ५६७९९.६९ | ,, ,, |
| ९. | ,, | १०१/०७५/२/३ | कमला निर्माण सेवा, गोदार-३, धनुषा (३०१४२११२२) | धनगढी बजार ब्यबस्थापन, PCC Work,रोड नाला भवन जमिन ढलान कार्य | ...../२०७५/२/४ | ३७९६९१.५३ | ४९३५७.३० | मू.अ.कर बिजकमा बिजक नं. उल्लेख नभएको साथै २०७५ आषाढदेखि Non Filler देखिएको |
| | | | | | **जम्मा** | २४३३१६२/२४ | ३,१६,३०८/४९ | |

| | | |
|---|---|---|
| ४९. | **मु.अ. कर समायोजन :** कार्यालयले निम्न ठेक्काका निर्माण व्यबसायीलाई भुक्तानी भएको मू.अ.कर बापतको रकम सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको आन्तरिक राजश्व बिभागको वेभ साईटमा सर्च गर्दा देखिएन । यसरी मू.अ.कर भुक्तानी पाउने फर्महरु लेखापरीक्षण अबधिसम्म Non-Filler रहेकोले उक्त फर्महरुले प्राप्त गरेको मू.अ.कर बापतको रकम सम्बन्धित कर कार्यालयमा बुझाएको वा समायोजन गरेको एकिन गर्न सकिएन । अतः भुक्तानी भएको मू.अ.कर सम्बन्धित कर कार्यालयमा समायोजन गरेको वा बुझाएको प्रमाण पेश हुनुपर्ने अन्यथा सुद सहित असुल हुनुपर्दछ । रु....... | १४९५२१५/३६ |

| सि.नं. | ब.उ.शि. नं. | गो.भौ/मिति | निर्माण ब्यबसायीको नाम | बापत | बिजक नं./मिति | मू.अ.कर बाहेक भूक्तानी | मू.अ.कर बापत भुक्तानी | Non-filler रहेको अबधि |
|---|---|---|---|---|---|---|---|---|
| १. | पुँजिगत खर्च खाता | ३१२/०७५/३/३१ | अनिश डिप बोरिङ्ग ड्रिलिङ्ग सेवा, गोलबजार-७, सिराहा (६०३८५८५९२) | पाईप तथा पम्प खरिद, मेशिनबाट डिप बोरिङ्ग जडान गर्ने कार्य | ..../२०७५/३/१२ | ३९६९३६ | ५१६०० | २०७४ पौष देखि साथै कर बिजकमा बिजक नं. उल्लेख नभएको |
| २. | ,, | २८५/०७५/३/३१ | ,, ,, | ,, ,, | ..../०७५/३/२२ | ६८२३०५ | ८८६९९ | २०७४ पौष देखि साथै कर बिजकमा बिजक नं. नबुझिने गरी छाप हानिएको |
| | | | ,, ,, | ,, ,, | ..../२०७५/३/२२ | ४८०००० | ६२४०० | ,, ,, |
| ३. | ,, | ३०८/०७५/३/३१ | ,, ,, | ,, ,, | ००३२/०७५/३/१९ | ११५८१६८ | १५०५६१.८४ | २०७४ पौष देखि |
| ४. | ,, | २७६/०७५/३/३१ | ,, ,, | ,, ,, | ००३७/०७५/३/२२ | ३६५१५० | ४७४६९.५० | ,, ,, |
| ५. | ,, | २५६/०७५/३/३१ | ,, ,, | ,, ,, | ०३५/०७५/३/२१ | १८८६०० | २४५१८ | ,, ,, |
| ६. | ,, | २२५/०७५/३/२९ | ,, ,, | ,, ,, | ००३६/०७५/३/२० | ७८९६०० | १०२६४८ | ,, ,, |
| ७. | ,, | ६६/०७५/१/२१ | ,, ,, | ,, ,, | ००१७/०७५/१/९ | ११२४७५० | १४६२१७ | ,, ,, |
| ८. | ,, | ३८/०७४/१२/१२ | ,, ,, | ,, ,, | ०००३/०७४/१२/१ | ६१९२०० | ८०४९६ | ,, ,, |
| ९. | ,, | ६४/०७५/१/२० | ,, ,, | ,, ,, | ००१५/०७५/१/७ | ३८४४०० | ४९९७२ | ,, ,, |
| १०. | ,, | ६८/०७५/१/२३ | ,, ,, | ,, ,, | ००१६/०७५/१/८ | ५२७२५० | ६८५४२ | ,, ,, |
| ११. | ,, | २८३/०७५/३/३१ | गुहेश्वरी कन्सर्न जनकपुर-३ (६०७७८८९५०) | पाईप तथा समरसिबल पम्प लगायत डिप बोरिङ्ग जडान कार्यमा प्रयोग हुने सामान खरिद गर्ने कार्य | ०४/०७५/३/२३ | ८१९६२० | १०६५५०.६० | २०७४ आषाढ देखि |
| १२. | ,, | ८८/०७५/१/३१ | पप्पु पंकज आयरन स्टोर्स, चोहर्वा-१, चन्द्रलालपुर सिराहा (३०२१८८६५९) | ,, ,, | ४८/०७५/१/१० | ७७२५० | १००४२.५० | २०७४ फाल्गुण देखि |
| | | | ,, ,, | ,, ,, | ४९/०७५/१/१० | ४७८१८ | ६२१६.३४ | ,, ,, |
| | | | ,, ,, | ,, ,, | ५२/०७५/१/१० | ३०४०० | ३९५७ | ,, ,, |
| | | | ,, ,, | ,, ,, | ५३/०७५/१/१० | ३८४०० | ४९९२ | ,, ,, |
| | | | ,, ,, | ,, ,, | ५१/०७५/१/१० | १८५८४०.७१ | २४१५९.२९ | ,, ,, |
| १३. | ,, | ६३/०७५/१/२० | ,, ,, | ,, ,, | ३५/०७४/१२/२६ | १९४९९ | २५३४.८७ | ,, ,, |
| | | | ,, ,, | ,, ,, | ४१/०७४/१२/३० | ३९९५० | ५१९३.५० | ,, ,, |
| १४. | ,, | ६८/०७५/१/२३ | ,, ,, | ,, ,, | ४६/०७५/१/९ | ३९९५० | ५१९३.५० | ,, ,, |
| | | | ,, ,, | ,, ,, | ४४/०७५/१/९ | १९०६३४ | २४७८५.४२ | ,, ,, |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ,, ,, | ,, ,, | ३४/०७४/१२/२६ | ६७२९०.०२ | ८७४७.७० | ,, ,, |
| | | | ,, ,, | ,, ,, | ३२/०७४/१२/२६ | ६५००० | ८४५० | ,, ,, |
| १५. | ,, | २००/०७५/३/२७ | पप्पु पंकज आयरन स्टोर्स, चोहर्वा-१, चन्द्रलालपुर सिराहा(३०२१८८६५९) | पाईप तथा पम्प खरिद | ५०/०७५/१/१० | ३९९५० | ५१९३.५० | २०७४ फाल्गुण देखि |
| | | | ,, ,, | ,, ,, | ४५/०७५/१/९ | ३९२०० | ५०७६ | ,, ,, |
| १६. | ,, | २७१/०७५/३/३१ | ,, ,, | खानेपानी योजना सम्बधि सामानहरु सप्लाई | ८७/०७५/८/१५ | ४५००० | ५८५० | २०७४ फाल्गुण देखि |
| | | | सिमरन ड्रिलिङ्ग सेवा, बिरगंञ्ज-१६(०३५ | ६ ईन्च एम.एस.पाईप खरिद तथा बोरिङ्ग गर्ने कार्य | ०३५/०७५/३/१८ | ३१५००० | ४०९५० | २०७३ जेष्ठ देखि साथै बिजक नं.-०३५ हातले लेखेको |
| १७. | ,, | १७७/०७५३/२४ | नमामी सप्लायर्स, लहान-८ (३०२७४१४४५) | बिद्युत ट्रान्सफर्मर सप्लाई सम्बन्धि काम | ७२/०७५/३/१२ | १०५९९६० | १३७७९४.८० | २०७४ फाल्गुण देखि |
| १८. | ,, | १३५/०७५/२/३१ | ,, ,, | ,, ,, | ४४/०७५/१/२५ | ६४९६६० | ८४४५५ | ,, ,, |
| १९. | ,, | १०७/०७५/२/९ | निक्की कन्स्ट्रक्सन एण्ड कम्पनी प्रा.लि., लहान, सिराहा-१ (६०४२२३९७९) | एक्साभेटरबाट बाटो निर्माण कार्य | १३/०७४/१२/२७ | ५७८६०० | ८६१९० | २०७४ कार्तिक देखि |
| २०. | ,, | ११०/०७५/२/९ | ,, ,, | ,, ,, | ??? | १७१६०० | २२३०८ | ,, ,, |
| | | | | | ??? | १८०४०० | २३४५२ | ,, ,, |
| | | | | | **जम्मा** | **११४१७३८०/७३** | **१४९५२१५/३६** | |

५०. **मू.अ.करमा दर्ता नभएको फर्महरुले कार्य गर्दा मू.अ.कर बिजक जारी :** मूल्य अभिबृद्धि कर ऐन, २०५२ को दफा १५(१) मा दर्ता नभएको ब्यक्तिले कर असुल गरेको देखिने कुनै बिजक वा कागजात जारी गर्न र कर उठाउनु हुदैन । त्यस्तै दफा १५(२) मा दर्ता नभएको कुनै ब्यक्तिले कर उठाएमा त्यसरी उठाएको कर निर्धारण गरी निजबाट असुल उपर गरिनेछ । त्यस्तै मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम ३२(१) मा दर्ता नभएको कुनै ब्यक्तिले कर उठाएमा निजले ऐनको दफा १५(२) बमोजिम उठाएको करको निर्धारण नियम २९ मा उल्लेख भए बमोजिमको प्रकृया अपनाई करको निर्धारण गरिनेछ । सोही नियमको उप नियम २ मा उपनियम १ बमोजिम निर्धारण गरिएको कर त्यस्तो कर उठाउने दर्ता नभएको ब्यक्तिले कर निर्धारण आदेश जारी भएको मितिले १५ दिन भित्र बुझाउनु पर्ने ब्यवस्था छ । कार्यालय अन्तर्गत सञ्चालित बिभिन्न योजनाहरुमा निम्नानुसारका मू.अ.करमा दर्ता नभएको फर्महरुले कार्य गर्दा मू.अ.कर बिजक जारी गरी मू.अ.कर असुल गरेको पाईएको हुँदा यसरी गैञ्ह कानुनी रुपमा असुल भएको मू.अ.कर निज फर्महरुबाट कर निर्धारण गरी असुल हुनुपर्दछ । रु........... २,००,२००/-

| सि.नं. | ब.उ.शि.नं. | गो.भौ/मिति | निर्माण ब्यबसायीको नाम | बापत | बिजक नं./मिति | मू.अ.कर बाहेक भूक्तानी | मू.अ.कर बापत भुक्तानी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | पुँजिगत खर्च खाता | २२१/०७५/३/२९ | शिवंम कन्स्ट्रक्सन प्रा.लि., औरही-२, सिराहा (६००६९१४३५) | डिप बोरिङ्गको जडान,धनगढीमाई नगरपालिका वडा नं.-४ | ०१/०७५/३/२६ | २१०००० | २७३०० | उक्त फर्मको कर दर्ता नं.(PAN) कर कार्यालयमा दर्ता भएको नपाईएको |
| २. | ,, | १८३/०७५/३/२४ | ,, ,, | मडायन देखि महारानी हुदै खुटीसम्म बाटोको ट्र्याक खोल्ने कार्य,वडा नं.-१४ | ०३/०७५/२/७ | ९००००० | ११७००० | ,, ,, |
| ३. | ,, | १७८/०७५/३/२४ | ,, ,, | कृषि सडक मर्मत कार्य, वडा नं.-४ | ०४/०७५/३/७ | २१०००० | २७३०० | ,, ,, |
| ४. | ,, | २८८/०७५/३/३१ | ग्लोबल ट्रेड सेन्टर, लहान-३, हस्पीटल चोक(३०३२५३८७२) | ह्यील चियर खरिद | ४१३/०७५/३/२३ | २२०००० | २८६०० | आन्तरिक राजश्व कार्यालयमा मू.अ.करमा दर्ता भएको नपाईएको |
| | | | | | | **जम्मा** | **२००२००** | |

| | | |
|---|---|---|
| ५१. | **आयकर कट्टी :** भौ.नं. ३०३/०७५/३/३१, आयकर ऐन, २०५८ को दफा २०५८ को दफा ८८(१) अनुसार बासिन्दा व्यक्तिले नेपालमा स्रोत भएको ब्याज,प्राकृतिक स्रोत,भाडा, रोयल्टी,सेवाशुल्क लगायतका रकम भुक्तानी गर्दा कुल भुक्तानी रकमको १५ प्रतिशतका दरले कर कट्टी गर्नुपर्ने ब्यवस्था छ । कार्यालयले एकिकृत सम्पती कर अध्ययन अभिमुखिकरण तथा संकलन कार्यक्रमबाट एकिकृत सम्पती करका लागि घरधुरी संकलन कार्यमा खटिएका ५७ जना गणकबाट डाटा संकलन भएको ८३९७ डाटा संख्याका लागि प्रति डाटा रु.८० का दरले ६७१७६० को १ प्रतिशत मात्र कर कट्टी गरेको पाईयो । कार्यालयबाट यसरी पटके रुपमा भुक्तानी हुने पारिश्रमिक वा सेवा शुल्कमा आयकर ऐनको ब्यवस्था अनुसार १५ प्रतिशतका दरले आयकर कट्टी गर्नुपर्नेमा १ प्रतिशत मात्र कट्टी भएको हुँदा घटी असुल भएको १४ प्रतिशतका हिसाबले हुन आउने रकम रु.९४,०४६।४० असुल हुनुपर्दछ । रु.......... | ९४,०४६।४० |
| ५२. | **जटिल प्राविधिक पक्ष समावेश भएका कार्य उपभोक्ता समितिबाटः** सार्वजनिक खरीद नियमाबली,२०६४ को नियम १०(२) अनुसार निर्माण कार्यको लागत अनुमान तयार गर्दा निर्माण सम्बन्धि, पुरातात्विक उत्खनन सम्बन्धि र सुरुङ्ग खन्ने, डिप टयुबेल, पेट्रोलियम अनुसन्धान आदि जस्ता जमिनमुनि गरिने कार्यको नर्म्स भए त्यस्तो नर्म्स बमोजिम र त्यस्तो नर्मस नभएको अवस्थामा आबश्यक नर्मस तयार गरी त्यस्तो नर्मस नेपाल सरकार मन्त्रिपरिषदबाट स्वीकृत गराई स्वीकृत नर्मस बमोजिम लागत अनुमान तयार गर्नुपर्नेमा कार्यालयले डिप टयुबेल निर्माण सम्बन्धि कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्मस प्रयोग गरेको पाईएन । कार्यालयले बिभिन्न स्थानमा डिप ट्युबेलहरु जडान गर्नका लागि उपयुक्त स्थान भए नभएको पत्ता लगाउन साथै भुमिगत पानीको श्रोतको अबस्था के कस्तो छ एकिन गर्नका लागि Geological Test गराएको समेत पाईएन । कार्यालयले Deep Boring को लागि Bore Hole खन्ने, MS Steel Pipe Lowring गर्ने, Rig machine को प्रयोग गरी Well Develop गर्ने सम्मका कार्यका लागि मात्र उपभोक्ता समितिसँग सम्झौता गरेको देखिन्छ । डिप बोरिङ्ग जस्तो जटिल प्राविधिक पक्ष समावेश भएका कार्य उपभोक्ता समितिबाट कुनै पनि अबस्थामा हुनसक्ने देखिदैन । योजनाको लागत अनुमान तयार गर्दा डिप बोरिङ्गका लागि आबश्यक हुने Pump House निर्माण, Control Pannel जडान, Overhead Tank निर्माण र Transmission तथा Distribution Line तयार गर्ने जस्ता मुख्य कार्यहरु समाबेस गरेको देखिएन । उक्त खानेपानी योजना क्रमागत भएको पनि कुनै अभिलेखबाट खुल्न आएन । योजनाको कुल लागतमा जनश्रमदानको अंश समेत जुटेको देखिएन । डिप बोरिङ्ग निर्माण कम्पनीले Pump गाडने कार्य सम्पन्न भए पछि Log Report पेश नगरेकको कारण पाईप लोरिङ्ग (Lowering) को परिमाणको तुलनामा Mild Steel Housing Pipe / Slotted Mild Steel Pipe को खपत परिमाण तथा Pump Test गरेको प्रमाण पेश नगरेको हुँदा पप्पले काम गरे नगरेको एकिन गर्न सकिएन । यसरी जे उद्देश्यका लागि उक्त कार्य गराईएको हो बाँकी कार्य आगामी दिनमा हुन नसके हाल योजनामा भएको खर्चको औचित्य तथा आधिकारिता पुष्टी हुन नसक्ने हुँदा यसमा कार्यालयको ध्यान जानुपर्ने देखिन्छ । | |
| ५३. | **वढी भुक्तानीः** भौ.नं.२५७/०७५/३/३१, नगरस्तरिय लक्षित कार्याकम अन्तर्गत जेष्ठ नागरिक सम्मान कार्यकम दलित सशक्तिकरण केन्द्रले सञ्चालन गरेकोमा उक्त संस्थाले कार्यकम सञ्लान सँग सम्बन्धित बिभिन्न बिल भरपाईहरु सम्लग्न राखी ३४९५४२ भुक्तानी लिएको पाईयो । कार्यकम सञ्चालन सँग सम्बन्धित आर.के.एस.एस. जनरल स्टोर्स, असनपुर-६, गोलबजारको बिजक नं.२४२।०७५।२।२७ मा कुल बिल रकम १३०२०० मध्ये मू.अ.कर लाग्ने ८४०० को १३ प्रतिशतले हुन आउने मू.अ.कर १०९२ जोडी १३१२९२ मात्र भुक्तानी हुनुपर्नेमा १३८६०० भुक्तानी भएको हुँदा कर बिजकको गणनामा फरक पर्न गई बढी भुक्तानी भएको रकम रु.७३०८ असुल हुनु पर्दछ । रु....... | ७,३०८/- |
| ५४. | **वढी भुक्तानीः** भौ.नं.३८/०७४/१२/१२, डिप बोरिङ्ग खानेपानी योजना वडा नं.-१३, को अन्तिम बिलको मूल्याङ्कन अनुसार कुल भएको कार्य रु. १२३९८६५१।९० मा उपभोक्ता समितिको जनश्रमदानको अंश रु.१९४२८६।९९ कट्टी गरी रु.१०४५५७८।९१ भुक्तानी हुनुपर्नेमा गो.भौ.बाट रु.१०५१३१६।- भुक्तानी हुन गएको हुँदा बिल | |

भरपाई भन्दा बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ । रु.......... ५,७३८/-

५५. **वढी भुक्तानीः** कायालयले महेन्द्र राजमार्ग मुसहरनिया हुँदै जयपुर माठीयाही देखि ढाँटी टोल सडक मर्मत कार्य, धनगढीमाई-५, को अन्तिम बिलको मुल्याङ्कित रकम रु.१०९७४१२।६८ बाट उपभोक्ताको जनश्रमदानको अंश रु.२१९४८२।५४ कट्टी गरी हुन आउने रु.८७७९३०।१४ मा पहिलो रनिङ्ग बिलबाट भुक्तानी भएको रकम रु.३०००८५ कट्टी गरी ५७७८४५।१० भुक्तानी दिनु पर्नेमा भुलबस पहिला भुक्तानी भई सकेको रकम कट्टी नगरी भुक्तानी हुन गई पहिलो रनिङ्ग बिलको रकम रु.३०००८५ दोहोरो भुक्तानी हुन गएको हुँदा बढी भुक्तानी भएको रकम उक्त योजनाको उपभोक्ता समितिसँग असुल गरी संघिय राजश्व खातामा दाखिला हुनुपर्दछ । रु......... ३,००,०८५/-

५६. **APP तयारीः** भौ.नं.३०४/०७५/३/३१,कार्यालयले घरधुरी सर्बेक्षण लागि मोबाईल एप तयारी संस्थागत तथ्याङ्क सक्लन र बिद्युतिय माध्यमबाट भण्डारण गरी दिगो सुचना ब्यबस्थापनका लागि सफ्टवेयर बिकास र जडान तथा Mobile App निर्माण गरी कार्यालयलाई उपलब्ध गराउने कार्य समेतका लागि सम्झौता गरी Phonix Solutions, Kathmandu लाई रु.४५८४४५ (मू.अ.कर सहित) भुक्तानी दिएकोमा निज फर्मले KOBO Collect Mobile APP प्रयोग गरी Data Base तयार गरेको पाईयो । उक्त APP ANDROID र IOS Plate form मा अरु कसैले तयार गरेको Freeware APP भएको हुँदा उक्त APP निश्चित समय पछाडी Paid Version हुने सम्भावना रहने हुँदा नगरपालिकाको आबश्यकता अनुसारको छुट्टै किसिमको Mobile APP तयार गरी बुझाएको अबस्थामा मात्र भुक्तानी दिन मिल्ने देखिएको हुँदा आबश्यकता अनुसारको छुट्टै APP तयार गरी बुझाउनु पर्ने अन्यथा भुक्तानी भएको रकम असुल हुनुपर्दछ । रु............ ४,८५,४४८-

५७. **न्याय सम्पादन** - नगरपालिकावाट न्याय सम्पादन सम्वन्धी प्राप्त विवरण अनुसार आर्थिक वर्ष ०७४।७५ मा जम्मा ३१ उजुरी दर्ता भएकोमा ८ फछ्र्यौट भइ २३ फछ्र्यौट हुन वाकी देखिकोले न्याय सम्पादन समयमा हुन सकेको देखिएन । स्थानीय तहले समयमानै न्याय संपादन गर्ने तर्फ ध्यान दिनु पर्ने देखियो ।

५८. **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु ४५ लाख २९ हजार, अनियमित बेरुजू रु.३१ लाख ६८ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु १ करोड ०२ लाख ५५ हजारसमेत रु.१ करोड ७९ लाख ५२ हजार बेरुजू कायम भएकोमा प्रतिक्रियाबाट/समायोजन नभएकोले रु.१ करोड ७९ लाख ५२ हजार बेरुजू कायम भएको छ ।

अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजु फछ्र्यौट गर्ने व्यवस्था गरेकोमा निम्नानुसार देखिएको छ :

| गत वर्षको बेरुजु रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| १०८०४००० | ०० | १०८०४००० |

अद्यावधिक बेरुजु स्थिति : धनगढीमाई नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजु स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) (C) | यो वर्षको सं प.बाट कायम बेरुजु रु. ( D) | यो वर्षको कायम बेरुजु रु. (E) | बाँकी (F= C+D+E) |
|---|---|---|---|
| १०८०४००० | ०० | १७९५२७७१.३९ | २८७५६७७१.३९ |

उल्लेखित ऐन बमोजिम फछ्र्यौट गर्न बाँकी सम्पूर्ण असुल फछ्र्यौट गरिनुपर्दछ ।

वित्तीय जवाफदेहिता मूल्यांकनः कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित बिभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट प्राप्त नतिजा बमोजिम कार्यालयको वित्तीय जवाफदेहिताको स्तर "धेरै राम्रो" रही "B" ग्रेडिङ्ग प्राप्त गरेको छ ।

अनुसूचीः १

# धनगढीमाई नगरपालीकाको बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७४।७५

(रु.हजारमा)

| सि(न)( | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | दफा स)ख्या | | रकम | अशुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | सैदान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कमंचारी | अन्य | जम्मा |
| 1 | सिरहा | धनगढीमाई नगरपालिका | २६ | ३२ | १७९५३ | | | | २६ | ३२ | १७९५३ | ४५३० | ३१६८ | १०२५५ | ० | ० | १७९५३ | ० | ० | ० |

अनुसूची- २

# सञ्चित कोष विवरण

## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | आय | | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | गत वर्षको जिम्मेवारी | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | धनगढीमाई नगरपालिका | सिरहा | ३४६०२ | २५९६६४ | १०३४१८ | ७५३२५ | ४३८४०७ | २३५६३० | १२०९०६ | २९२५ | ३५९४६१ | ११३५४८ |